# सर्वोच्च अदालत, संयुक्त इजलास

मानननीय न्यायधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

**०६६-CR-००५१**

**मुद्दाः- आयकर।**

ठूला करदाता कार्यालय हरिहर भवन ललितपुर-----------------------------------------१ पुनरावेदक

**विरुद्ध**

गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.का अख्तियार प्राप्त सहायक प्रबन्धक कल्याण पन्त-----१ प्रत्यर्थी

**०७०-RB-००९८**

**मुद्दाः- आयकर।**

गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.को हाल सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.का अख्तियार प्राप्त वरिष्ठ महाप्रवन्धक महेश राज पन्त ---------------------------------------------------१ पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजश्व विभाग काठमाडौं----------------------------------------------------१ प्रत्यर्थी

ठूला करदाता कार्यालय हरिहर भवन ललितपुर------------------------------------------१

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय काठमाडौं

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री रामकुमार श्रेष्ठ

निर्णय मितिः-२०६२।२।२७

पुनरावेदन तहमा फैसला गर्नेः राजश्व न्यायाधिकरण काठमाडौं

पुनरावेदन तहमा फैसला गर्ने अधिकारीः- अध्यक्ष श्री केशरी राज पण्डित

लेखा सदस्य श्री भगिराज इङ्नाम

फैसला मितिः- २०६५।५।२३

राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६५।५।२३ को फैसला उपर पक्ष विपक्षको तर्फबाट परेको पुनरावेदन गर्न अनुमति पाउँ भन्ने निवेदनहरुमा यस अदालतबाट राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रुपमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

१. यस उद्योगको आ.व.०६०।६१ को लागि आय विवरण अनुसार कायम खुद आय रु.२,४४,२६,३९०।३४ को २०% ले हुने आयकर रु.४८,८५,२७८।०७ भुक्तानी गर्नु पर्नेमा रु.५०,५०,०००।- अग्रिम दाखिला भै सकेको हुनाले रु.१,६४,७२१।९३ बढी नै दाखिला भएको र उपरोक्त बमोजिम रु.२,४४,२६,३९०।३४ को १.५% ले हुने विशेष शुल्क रु.३,६६,३९५।८६ भुक्तानी गर्नु पर्नेमा रु.३,७९,७२२।७९ अग्रिम दाखिला भै सकेको हुनाले रु.१३,३७६।९३ बढी दाखिला भएको भन्ने समेत बेहोराको गोल्डस्टार नेपाल (इण्डष्ट्रिज) प्रा.लि.**ले ठूलाकरदाता कार्यालयमा मिति २०६१।९।२९ मा दर्ता गराएको आय विवरण।**

२. त्यस प्रा.लि.ले आ.व. ०६०।६१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०६१।९।२८ मा दाखिला गरेको आय विवरण अध्ययन गर्दा आयकर ऐन, २०५८ अनुसार कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु. २,४९,००,३०८।०१ करयोग्य आय कायम गरी संशोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिनभित्र पेश गर्नु भन्ने ऐनको दफा १०१(६) बमोजिमको **सूचना मिति ०६२।२।२३ मा जारी गरिएको।**

३. मिति २०६२।२।२३ को सूचनाको सम्बन्धमा संशोधित कर निर्धारण गर्न नपर्ने, यस प्रा.लि.ले स्वयं कर निर्धारण गरी आ.ब.०६०।६१ को आय विवरण अनुसार कायम गरेको करयोग्य आयमा यस प्रा.लि.बाट भएको कारोवारसँग सम्बन्धित तथा आयकर ऐन, २०५८ को व्यवस्था अनुसार छुट पाउने वास्तविक खर्च रु.४,७३,९१७।६७ लाई छुट नदिई कुनै ठोस कानूनी आधार विना हचुवा किसिमबाट खर्चहरु आयमा समावेश गरी संशोधित कर निर्धारण भएकोले

यस प्रा.लि.ले स्वयं कर निर्धारण गरी पेश गरेको कर निर्धारण बमोजिम नै कर निर्धारण आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको **गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.ले मिति २०६२।२।२६ मा पेश गरेको जवाफ।**

४. प्रस्तुत करदाताको आ.व. ०६०।६१ को लागि रु. २,४९,००,३०८।०१ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने भन्ने समेत बेहोराको **ठूला करदाता कार्यालय, काठमाडौंबाट मिति ०६२।२।२७ मा भएको निर्णय।**

५. आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०६२।२।२३ मा जारी गरिएको सूचनामा उल्लेख भए अनुसार आ.ब.०६०।६१ को लागि रु.२,४९,००,३०८।०१ करयोग्य आय कायम गर्ने मिति २०६२।२।२७ को निर्णय बमोजिम कर निर्धारण गरिएको व्यहोरा आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम सुचना गरिएको छ भन्ने बेहोराको ठूला करदाता कार्यालयको मिति २०६२।२।२८ को सूचना **मिति २०६२।२।३० गते गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.ले बुझेको।**

६. गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.ले ठूलाकरदाता कार्यालयबाट मिति ०६२।२।२७ मा भएको आ.व.०६०।६१ को संशोधित आयकर निर्धारण आदेश विरुद्ध प्रशासकीय पुनरावलोकनको लागि निवेदन दर्ता गराएकोमा निवेदनमा लिइएका जिकिरहरु ठूला करदाता कार्यालयबाट प्राप्त प्रतिकृया करदाताको सक्कल फाईल तथा संलग्न प्रमाण कागजात आदि अध्ययन छानविन गर्दा ठूला करदाता कार्यालयबाट करदाताको दावी पुग्न सक्ने आधार नभएको ठहर गरी सो को व्याख्या समेत गरी कार्यालयबाट गरेको कर निर्धारण उपर पुनः सोही बेहोराको पुनरावृत्ति गरी दिइएको प्रस्तुत निवेदनमा लिइएका जिकिर सम्वन्धमा करदाताको दावी पुग्न सक्ने कानुनी आधार प्रमाण तथा अवस्था नदेखिएको हुँदा कार्यालयले गरेको कर निर्धारण मनासिव ठहर्छ भन्ने समेत बेहोराको **आन्तरिक राजस्व विभागबाट मिति २०६२।९।४ मा भएको निर्णय।**

७. देहायको रकम खुद आयमा समावेश गर्ने गरी गरेको विपक्षी ठूलाकरदाता कार्यालय, काठमाडौंको मिति ०६२।२।२७ मा भएको संशोधित कर निर्धारण आदेश तथा आन्तरिक

राजस्व विभागबाट मिति ०६२।९।४ मा सोही निर्णयलाई मनासिव ठहऱ्याई भएको निर्णय समेत बदर गरी पाउँ **भन्ने समेत बेहोराको गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि. ले राजश्व न्यायाधीकरण काठमाडौंमा मिति २०६३।२।१ मा परेको पुनरावेदन पत्रः**

भवनसँग सम्बन्धित माल मेटेरियल्सको ह्रास खर्च------------रु. १२,३१८।४३
कमिशन खर्च-------------------------------------------------रु. १,०७,००६।३३
वाग बगैंचा खर्च---------------------------------------------रु. १,०२,९०७।
विविध खर्च--------------------------------------------------रु. १,५०,०१५।०७
थप सम्पत्तिको ह्रास खर्च-------------------------------------रु. १,०१,६७०।८४

८. पूँजीगत प्रकृतिको सम्पत्तिमा ह्रास खर्च माग गरेकोमा मर्मत खर्च माग गर्नुपर्ने भनी खर्च अमान्य गरेकोबाट शुरु निर्णय फरक पर्न सक्ने हुँदा छलफलको निमित्त अ.वं.२०२ नं.अनुसार सरकारी वकील र आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने बेहोराको **राजश्व न्यायाधीकरण काठमाडौंबाट मिति २०६४।६।२ मा आदेश भएको।**

९. फाइनान्स कमिशन खर्च, वाग बगैंचा खर्च र समूह "घ" मा समाहित सम्पत्तिको ह्रासखर्च कट्टी गर्न नपाउने भनी आयतर्फ समावेश गर्ने गरेको हदसम्म प्रत्यर्थी ठूला करदाता कार्यालयको मिति ०६२।२।२७ को निर्णय पर्चा र मिति ०६२।२।३० को संशोधित कर निर्धारणको सूचना समेत मिलेको नदेखिंदा उक्त निर्णय पर्चा र कर निर्धारणको सूचना तथा त्यसलाई समर्थन गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति ०६२।९।४ को निर्णय समेत सो हदसम्म केही उल्टी हुने ठहर्छ भन्ने समेत बेहोराको **राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६५।५।२३ को फैसला।**

१०. करदाताले Finance खर्च भनी रु.१,०७,००६।३३ खर्च कट्टी दावी गरिएको रकम खर्च खाताको परीक्षण गर्दा उक्त खर्च करदाताले व्यवसाय प्रवर्द्धनको नाममा क्रेताको लागि लोन व्यवस्थापनको बैंक कमिसन खर्च कम्पनीले व्यहोर्ने गरी खर्च भएकोले त्यस्तो खर्च कम्पनीले व्यहोर्दा सो अनुरुप Selling price बाट cost component को भरण पुरण समेत भएको

नदेखिएको, बाग बगैंचा खर्च रु.१,०२,९०७। खर्च कट्टि दावी गरेकोमा सो खर्चको परीक्षण गर्दा करदाताले सो खर्च गरेको भएपनि आयकर ऐन, २०५८ को दफा २१(१)(च) बमोजिम आय आर्जन कार्यसँग असम्बन्धित भएकोले खर्च कट्टि गर्न नपाउने र करदाले पेश गरेको विवरण साथ संलग्न वासलातको अनुसुची २ अन्तर्गतको सम्पत्तिको समुह "घ" मा समाहित हुने थप खर्च रु.५,०८,३५४।१८ लाई समेत मर्मत सुधार अन्तर्गत खर्च लेखी ऐनले तोकेको भन्दा वढी खर्चलाई पूँजीकृत गरी आगामी वर्ष देखि ह्रास खर्च कट्टी दावी गर्नु पर्नेमा सो नगरी यसै वर्ष ह्रास खर्च दावी गरेकोले रु.५,०८,३५४।१८ को २० प्रतिशतले हुने रु.१,०१,६७०।८४ आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास खर्च कट्टि गर्न नपाउने अवस्थामा ठूला करदाता कार्यालयले गरेको निर्णय उल्टी गरेको राजश्व न्यायाधिकरण काठमाडौंको फैसला त्रुटिपूर्ण भएकोले साविककै कर निर्धारण आदेश बमोजिम गरी पाउँ भन्ने समेत बेहोराको **ठूला करदाता कार्यालयको यस अदालतमा परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन।**

११. यसमा करदाता प्रत्यर्थीको उत्पादन फाइनान्स कम्पनीबाट खरिद गरिने ग्राहकलाई सुविधामा टि.भी.उपलब्ध गराएको अवस्थामा टि.भी.को मुल्य करदाताले पाउने अवस्थामा फाइनान्स कम्पनीलाई करदाताले कमिशन उपलब्ध गराउनु पर्ने कुनै कानुनी आधार पनि नदेखिनुका साथै फाइनान्स कम्पनी र करदाताका विचमा कुनै सम्झौता समेत नभएको अवस्थामा आयकर ऐन २०५८ को दफा २१(१)(च) को कानुनी व्यवस्थाको प्रत्यक्ष त्रुटी गरी राजश्व न्यायाधिकरण काठमाडौंबाट फैसला भएको देखिंदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (घ) को प्रश्नमा पुनरावेदन गर्ने अनुमति प्रदान गरिदिएको छ। प्रस्तुत मुद्दाको शुरु रेकर्ड र भए प्रमाण मिसिल समेत साथै राखी नियम बमोजिम पेश गर्नु भन्ने बेहोराको **यस अदालतबाट मिति २०६६।४।१४ मा भएको आदेश।**

१२. २०६० पौष महिना भित्रको पूँजीकृत गरिएको रु.५,५४,३२४।३३ को दुई तिहाईको ह्रास आधार मुल्य रु.३,६९,५५३।- खर्च दावी गर्नु पर्नेमा बढी दावी गरिएको ह्रास खर्च रु.१२,३१८।४३ लाई आय तर्फ समावेश गर्न नमिल्ने, करदाताले खर्च कट्टि दावी गरिएको

विविध खर्च सामान्य किराना पसलबाट खरिद गरी ल्याइने हुँदा त्यस्ता पसलहरु मुल्य अभिबृद्धि करको दायरामा नपर्ने भएकोले VAT Bill नहुनु स्वभाविक हुँदा सो खर्चलाई अमान्य गर्न मिल्दैन। उपरोक्त वास्तविक खर्च मिनाहा पाउनु पर्नेमा विपक्षीबाट कानून विपरीत थप कर लगाई आयकर ऐन, २०५८ को दफा ११८ तथा ११९ अनुसार व्याज समेत गणना गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको मिति २०६४।१२।२० को संशोधित कर निर्धारण, आन्तरिक राजश्व विभागको मिति २०६५।३।२० को निर्णय तथा राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६५।५।२३ को फैसला त्रुटिपूर्ण भएकोले बदर गरी पुनरावेदक कम्पनीले पेश गरेको आय विवरण अनुसार नै खुद आय कायम गरी कानुन विपरीतको थप कर जरिवाना तथा व्याजको भारबाट मुक्त गरी न्याय इन्साफ गरी पाउँ **भन्ने समेत बेहोराको गोल्डस्टार नेपाल इण्डष्ट्रिज प्रा.लि.को यस अदालतमा परेको पुनरावेदन गर्न अनुमति पाउँ भन्ने निवेदन।**

१३. आयकर ऐन २०५८ को दफा १९ मा कुनै आर्थिक वर्षमा करदाताले अनुसुची २ बमोजिम ह्रास कट्टी गर्न पाउने भन्ने समेत व्यवस्था भई अनुसुची २ मा भवन समेतमा ह्रास कट्टी गर्ने व्यवस्था भएको परिप्रेक्षमा ठूला करदाता कार्यालयले बाध्यात्मक रुपमा भवन लगायतको सम्पत्तिमा ह्रास कट्टीको रकम खर्चमा जनाउनु पर्ने हुन्छ। तर सो कानुनी व्यवस्था विपरीत ह्रास कट्टीको रकम खर्चमा नजनाई ठूला करदाता कार्यालयले कर निर्धारण गरेको निर्णय अन्यथा देखिएन भनी राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसलामा उक्त उपर्युक्त दफा १९ को कानुनी व्यवस्थाको गम्भिर त्रुटि विद्यमान रहेको देखिंदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम पुनरावेदन गर्ने अनुमति प्रदान गरिदिएको छ। यसै निर्णयका सम्वन्धमा ठूला करदाता कार्यालयले यस अदालतमा दिएको निवेदनमा अनुमति प्राप्त गरी ०६६-CR-००५१ को पुनरावेदन विचाराधीन रहेकोले सो मुद्दा साथै राखी नियमानुसार पेश गर्नु भन्ने बेहोराको **यस अदालतबाट मिति २०७१।२।१८ मा भएको आदेश।**

१४. नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक ठूला करदाता कार्यालयका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले फाइनान्स कमिसन खर्च, वागवगैंचा खर्च र

वासलातको अनुसूचि-२ को सम्पतिको समूह "घ" मा समाहित थप सम्पतिमा खर्च कट्टी गर्न पाउने हदसम्म राजश्व न्यायाधिकरण काठमाडौंको फैसला नमिलेको हुँदा बदर हुनुपर्दछ भनी र पुनरावेदक गोल्डस्टार नेपाल इण्डष्ट्रिजको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री मेघराज पोखरेल र श्री सजनवर सिंह थापाले भवनसँग सम्बन्धीत माल मेटेरियल्स ह्रास खर्चको आधार मूल्य पुरै कायम हुनुपर्ने र विविध खर्च समेतमा रकम कट्टी गर्न पाउनु पर्नेमा सो नपाउने ठहर गरेको हदसम्म राजश्व न्यायाधिकरण काठमाडौंको फैसला बदर उल्टी गरिनुपर्छ र अन्य विवरणको हकमा सदर कायम हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

१५. प्रस्तुत मुद्दामा राजश्व न्यायाधिकरण काठमाडौंले भवन सम्बन्धी माल मटेरियलको सम्पूर्ण ह्रास खर्च र विविध खर्च खुद आयबाट कट्टा गर्न नपाउने ठहराएको उपर गोल्डस्टार नेपाल इन्डष्ट्रिज प्रा.लिको तथा फाइनान्स कमिशन खर्च, वाग बगैंचा खर्च र समूह "घ" मा समाहित सम्पत्तिको ह्रासखर्च रकम खुद आयबाट कट्टा गर्न पाउने ठहराएको फैसला उपर ठूला करदाता कार्यालयको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भनी निवेदन परी यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान भई पुनरावेदनको रोहमा निर्णयार्थ यस इजलास समक्ष पेस भएको देखियो।

१६. अब यसमा राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६५।५।२३ को फैसला मिलेको छ वा छैन? र वादी र प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा देहायका प्रश्नहरूको निरूपण गरी निर्णय दिनुपर्ने देखियो।

१) भवनसँग सम्बन्धित माल मेटेरियल्सको दुई तिहाई ह्रास आधार मूल्य कायम गरेको मिलेको छ वा छैन?

२) क्रेताको लागि Loan व्यवस्थापनको वैंक कमिसन खर्च करदाता कम्पनीले व्यहोरेकोमा करदाताले खर्च कट्टी गर्न पाउने हो वा होइन?

३) वाग वगैंचा खर्चलाई प्रदूषण नियन्त्रण खर्च भित्रको मानी खर्च कट्टी गर्न मिल्ने हो वा होइन?

४) विल भरपाई नभएको विविध खर्चलाई मिन्हा गर्न मिल्ने हो वा होइन?

५)वासलातको अनुसूचि-२ अन्तर्गतको सम्पतिको समूह "घ" मा समाहित भएका सम्पत्तिमा ह्रासखर्च कट्टी हुनुपर्ने हो वा होइन?

१७. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा, विभिन्न मितिमा भवन निर्माणको लागि ईट्टा, बालुवा, रोडा, ढुंगा, मार्वल, गिट्टि उल्लेख गरी मिति २०६०।९।२७ मा रू ५,५४,३२९।३३ रकम पूँजीकृत गरिएको देखिन्छ। सम्पूर्ण रकममा ह्रास खर्च कट्टी गरेको मिलेन भनी सोको दुई तिहाई रकममा मात्र ह्रास खर्च माग गर्नुपर्ने भनी सोही अनुरूप ठूला करदाता कार्यालय, काठमाडौंले संशोधित कर निर्धारण गरेको देखिन आयो। पुनरावेदक गोल्डस्टार नेपाल (इन्डष्ट्रिज) प्रा.लि.ले उक्त रकम छुट्टै भवन निर्माणमा भएको खर्च नभै पौष मसान्तभित्र मौजुदा भवनमा थप गरिएको संरचनाको निम्ति खर्च भएको रकम पूँजिकरण गरिएको हुँदा आयमा समावेश गर्नु पर्दैन भन्ने जिकिर लिएको पाइयो। कर अधिकृतले भने निर्माण चालु अवस्थामा (Construction Work in Progress(CWIP)) रहेकोले उक्त सामान २०६० चैत्रमा पुँजीकृत हुनुपर्नेमा २०६० पौष महिनामै पूँजीकृत गरिएको भनी सम्पूर्ण रकमलाई ह्रास आधार मूल्य कायम गर्न अस्वीकिर गरेको देखिन्छ। कानूनतः यसरी पुरै रकम आयमा समावेश हुन नपर्ने भनी दावी गर्न मिल्ने अवस्था नदेखिंदा सो सम्बन्धमा भएको फैसला मनासिव नै देखियो।

१८. फाइनान्स कमिशन खर्च भनी खर्च कट्टी गर्न मिल्ने हो वा होइन? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, आफ्नो उत्पादन ग्राहकलाई बिक्री गर्ने सिलसिलामा बैंङ्कले उपलब्ध गराएको सेवा वापतको खर्च पुनरावेदक करदाताले बेहोरेको तथ्यमा विवाद देखिएको छैन। फाइनान्स कम्पनीले उत्पादित टि.भी.को खरिद गर्ने ग्राहकलाई पुऱ्याएको सुविधा तथा सोबाट व्यहोर्ने जोखिमका लागि करदाताद्वारा उपलब्ध गराएको सर्भिस चार्ज स्पष्टतः व्यापार प्रवर्द्धनका लागि भएको देखिन्छ। यसरी ग्राहकलाई आफ्नो उत्पादन बिक्री गर्ने सिलसिलामा बैंङ्कले उपलब्ध गराएको सेवा वापत करदाता कम्पनीले बेहोरेको खर्च आयकर ऐन, २०५८ को दफा २१(१)(च) अन्तगर्त कट्टी गर्न पाउने नै देखिन आयो।

१९. वाग वगैंचा खर्च कट्टी गर्न मिल्ने हो वा होइन? भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा आयकर ऐन, २०५८ को दफा १७(१) मा **"कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय**

**गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यवसाय संचालन गर्ने कार्यमा खर्च गरेको हदसम्मको प्रदूषण नियन्त्रण खर्च कट्टी गर्न पाउनेछ"** भनी उल्लेख भएको पाइयो। सोही दफाको स्पष्टीकरण खण्डमा "प्रदूषण नियन्त्रण खर्च" भन्नाले **प्रदूषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाई राख्ने उद्देश्यको लागि कुनै प्रक्रियासँग सम्बन्धित कुनै व्यक्तिबाट गरिएको खर्च सम्झनु पर्छ** भनी उल्लेख भएको देखिन्छ। अतः स्पष्टिकरण खण्डमा उल्लेख भए अनुसार वातावरण संरक्षण खर्च अन्तर्गत मनासिव हदसम्म वाग बगैंचा खर्च रकम कट्टी गर्न पाउने नै देखिन आयो।

२०. विविध खर्च रु.१,५०,०१५।०७ मिन्हा नदिएको मिलेन भन्ने करदाताको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा पुनरावेदन पत्रमा उक्त खर्च मन्दिरमा नित्य पूजा गर्नको लागि फूल, प्रसाद, मैनावत्ती, व्याट्री आदिको खर्च हो भन्नेसम्म जिकिर लिएको देखिन्छ। तथापी तत्सम्बन्धी तथ्यगत विवरण पेश हुन सकेको पाइएन। पुनरावेदनमा उल्लेख भए अनुसार उक्त खर्च घरेलु वा व्यक्तिगत प्रकृतिको खर्च नभई कारोवारजन्य खर्च हो भनी विश्वस्त हुन सकिनेसम्मको कुनै प्रमाण करदाताबाट पेश हुन सकेको देखिंदैन। आयकर ऐन, २०५८ को दफा २१(१)(क) ले घरेलु वा व्यक्तिगत प्रकृतिका खर्चमा आय गणना गर्ने प्रयोजनको लागि खर्च कट्टी गर्न नपाईने व्यवस्था गरेको छ। अतः विविध खर्च शीर्षक अन्तर्गतको उक्त खर्च ऐनको दफा २१(१)(च) अन्तर्गत कट्टी गर्न पाउने देखिंदैन।

२१. अब समूह "घ" मा समाहित सम्पत्तिको ह्रास खर्च रु.१,०१,६७०।८४ कट्टी गर्न नपाउने भनी आयतर्फ समावेश गर्न मिल्ने हो वा होइन भन्ने अन्तिम प्रश्नतर्फ हेर्दा उक्त खर्च सोही वर्ष थप गरिएका एयर कण्डिसन, सोल्डरिङ मेशिन, ईलेक्ट्रिक स्क्रु ड्राइभर जस्ता हेभी इक्युपमेन्ट खरिद गर्दाको पूँजिकृत खर्च भएकोले ह्रासकट्टी पाउनु पर्ने भनी करदाताले जिकिर लिएको देखियो। करदाताले देखाएको सामानहरू कारोवारको स्वरूपतर्फ दृष्टीगत गर्दा पूँजिगत प्रकृतिको होइन भन्न मिल्ने देखिंदैन। पूँजिगत प्रकृतिका सामानमा ह्रास खर्च कट्टी गर्न पाउने नै हुँदा ह्रास कट्टी गर्न पाउने ठहर गरेको फैसला मनासिव नै देखियो।

२२. तसर्थ, माथि विवेचित आधार र कारणबाट फाइनान्स कमिशन खर्च, वाग वगैंचा खर्च र समूह "घ" मा समाहित सम्पतिको ह्रास खर्च कट्टी गर्न नपाउने भनी आयतर्फ समावेश गर्ने गरेको हदसम्म ठूलाकरदाता कार्यालयको मिति २०६२।२।२७ को निर्णय पर्चा र मिति २०६२।२।३० को संशोधित कर निर्धारणको सूचना समेत मिलेको नदेखिंदा उक्त निर्णय र कर निर्धारणको सूचना तथा त्यसलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजश्व विभागको मिति २०६२।९।४ को निर्णय समेत सो हदसम्म केही उल्टी हुने ठहऱ्याएको राजश्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६५।५।२३ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक गोल्ड स्टार नेपाल इन्डष्ट्रिज प्रा.लि र पुनरावेदक ठूला करदाता कार्यालय दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

न्यायधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- शिवप्रसाद आचार्य

कम्प्यूटर टाईप गर्नेः- अर्जुन पोखरेल

इति संवत २०७५ साल जेठ २८ गते रोज २ शुभम्..........................................।